# राष्ट्रिय पंचायत

## सामाजिक समिति

(शिक्षा तथा सँस्कृति, स्वास्थ्य, परराष्ट्र, संचार र सामाजिक कल्याण)

## को

# प्रतिवेदन

२०३९

4.6
PS

राष्ट्रिय पंचायत सचिवालय
सिंहदरबार

राष्ट्रिय पंचायत

सामाजिक समिति

( शिक्षा तथा संस्कृति, स्वास्थ्य, परराष्ट्र, संचार र सामाजिक कल्याण )

को

प्रतिवेदन

२०३६

राष्ट्रिय पंचायत सचिवालय

राष्ट्रिय पंचायत भवन

सिंहदरबार

MARTIN CHAUTARI LIBRARY KTM, NEPAL

## राष्ट्रिय पंचायतका माननीय अध्यक्ष श्री मरीचमान सिंहले दिनु भएको सन्देश

मा० सभापति तथा मा० सदस्यहरू,

राष्ट्रिय पंचायतका सदस्यहरूलाई मुलुकको शासन व्यवस्थामा बढी शरीक गराउन राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको पवित्र इच्छा बमोजिम राष्ट्रिय पंचायतका सम्पूर्ण सदस्यहरूलाई विभिन्न पाँच समिति-हरूमा विभक्त गराइएका समितिहरूले आफ्नो नियम भित्र श्री ५ को सरकारको नीति तथा कार्यक्रम अनुसार कार्य संचालन भइरहेको छ छैन, राष्ट्रिय पंचायत-बाट पारित भई बनेका ऐनहरू अन्तर्गत बनेका नियम तथा आदेशहरू ऐनको उद्देश्य अनुरूप बनेको छ छैन भन्ने विषयहरूमा गहिरिएर एवं विश्लेषणात्मक तवरले अध्ययन र छलफल गरी निचोडको रूपमा सुझाव एवं उपाय सहितको मूल्यांकन प्रतिवेदन तयार गर्ने यसको मुख्य लक्ष्य रहेको छ । यस अवस्थामा नेपाली जनताले यस पंचायत व्यवस्था प्रति गरेको आस्था र विश्वासलाई सदैव हृदयंगम गरी समितिहरूले गहन अध्ययन र छलफलद्वारा अनुकरणीय रूपमा प्रतिवेदन पेश गर्न सकेको खण्डमा जनताप्रतिको दायित्वमा सघाउ पुग्न जाने कुरा निर्विवाद रहेको छ ।

यसर्थ आफ्नो गहन उत्तरदायित्व प्रति सचेत र सजग भई चिन्तन, मनन र छलफलबाट प्राप्त निष्कर्षको आधारमा आ-आफ्ना प्रतिवेदन प्रस्तुत गरी श्री ५ को सरकारको प्रशासन तथा आयोजनाहरूलाई अझ बढी प्रभावकारी तुल्याउन राष्ट्रिय पंचायतका पाँचै समितिहरूबाट योगदान हुनेछ भन्ने कुरामा विश्वस्त भै म तपाईहरूको सफलताको कामना गर्दछु ।

धन्यवाद ।

## सामाजिक समिति

( शिक्षा तथा संस्कृति , स्वास्थ्य, परराष्ट्र, संचार र सामाजिक कल्याण )

### सभापति

मा० श्रीमती कमल शाह (वागमती अंचल)

### उप-सभापति

मा० श्री कर्णवहादुर थिमाल (कोशी अंचल)

१. मा० श्री इस्माइल अन्सारी (जनकपुर अंचल)
२. मा० श्रीमती कल्पना विष्ट (महाकाली अंचल)
३. मा० श्री के.आई. सिंह (लुम्बिनी अंचल)
४. मा० श्री गगनजंग वहादुर सिंह (सेती अंचल)
५. मा० श्री गोविन्दनाथ उप्रेती (वागमती अंचल)
६. मा० श्री चन्द्रदेव चौधरी (नारायणी अंचल)
७. मा० श्री टंकवहादुर विष्ट (राप्ती अंचल)
८. मा० श्री डम्बरनारायण यादव (सगरमाथा अंचल)
९. मा० श्री डम्बरवहादुर मल्ल (धौलागिरि अंचल)
१०. मा० श्री तुलसी सुव्बा (कोशी अंचल)
११. मा० श्री तेजवहादुर थापा (कर्णाली अंचल)
१२. मा० श्री परशुराम राई (सगरमाथा अंचल)
१३. मा० श्री रणधीर सुव्बा (वागमती अंचल)
१४. मा० श्री राधेश्याम कमारो (गण्डकी अंचल)
१५. मा० श्री रामध्यान राय (जनकपुर अंचल)
१६. मा० श्री वैकुण्ठवहादुर चन्द (लुम्बिनी अंचल)
१७. मा० श्री श्रीधरशम्शेर ज.व.रा. (वागमती अंचल)

### पदेन सदस्यहरु

| | | | |
|---|---|---|---|
| १. | मा० श्री सूर्यवहादुर थापा | प्रधानमन्त्री तथा परराष्ट्रमन्त्री | (कोशी अंचल) |
| २. | मा० श्री नवराज सुवेदी | स्वास्थ्यमन्त्री | (जनकपुर अंचल) |
| ३. | मा० श्री नारायणदत्त भट्ट | शिक्षा तथा संस्कृतिमन्त्री | (सेती अंचल) |
| ४. | मा० सुश्री भद्रकुमारी घले | सामाजिक कल्याण राज्यमंत्री | (जनकपुर अंचल) |
| ५. | मा० श्री फत्तेसिंह थारु | संचार राज्यमन्त्री | (भेरी अंचल) |
| ६. | मा० श्री सोमनाथ वास्तोला | स्वास्थ्य सहायक मन्त्री | (मेची अंचल) |
| ७. | मा० श्री केशरवहादुर विष्ट | शिक्षा तथा संस्कृति सहायक मन्त्री | (वागमती अंचल) |
| ८. | मा० श्री तिलकवहादुर नेगी लामा | सामाजिक कल्याण सहायक मन्त्री | (नारायणीअंचल) |

## सचिवालय

| | | |
|---|---|---|
| १) | श्री स्यामकृष्ण भटराई | सचिव |
| २) | श्री बिसु बज्राचार्य | उपसचिव |
| ३) | श्री अनिलकुमार पाण्डे | शाखा अधिकृत |
| ४) | श्री मनोहर प्रसाद भट्टराई | शाखा अधिकृत |
| ५) | श्री गोविन्द प्रसाद शर्मा कोइराला | ना.सु. |
| ६) | श्री चिनी बज्राचार्य | सु.टा. |

## राष्ट्रिय पंचायत, सामाजिक समितिको प्रतिवेदन

२०३६

राष्ट्रिय पंचायतका माननीय सदस्यहरूलाई श्री ५ को सरकारको कार्य र गतिविधिहरूमा अरू वढि सक्रिय गराउने र उनीहरूले आफूलाई देशको शासनमा वढि योगदान गरेको अनुभव गर्न सकुन भन्नका लागि श्री ५ महाराजाधिराज सरकार वाट जारि गरि बक्सिएको राष्ट्रिय पंचायत नियमावली अनुसार गठित राष्ट्रिय पंचायतका पांच समितिहरू मध्ये सामाजिक समिति पनि एउटा हो ।

राष्ट्रिय पंचायतका माननीय सदस्यहरूलाई मुलुकको शासनमा वढी मात्रामा सरिक गराउने उद्देश्य अनुसार समितिको आफ्नो विषय अन्तर्गत पर्ने क्षेत्र भित्रको श्री ५ को सरकारको नीति तथा कार्यक्रम अनुसार कार्य भइरहेको छ, छैन अध्ययन गरी सुझाव सहित प्रतिवेदन तयार पारी सम्माननीय अध्यक्षज्यू समक्ष प्रतिवेदन पेश गर्नका लागि विभिन्न मन्त्रालय, विभागहरूवाट प्राप्त आंकडाहरूको अध्ययन गरी विभिन्न क्षेत्रहरूमा देखा परेका समस्याहरू एवं त्रुटिहरू र त्यसको समाधानको उपाय सहित उल्लेख गरी सम्वन्धित मन्त्रालय, विभाग, कार्यालयहरूको ध्यान आकर्षित गर्ने उद्देश्य राखी देखा परेका समस्या समाधान गर्न गराउनेको लागि राष्ट्रिय पंचायत सामाजिक समितिले यो प्रतिवेदन प्रस्तुत गरेको छ ।

राष्ट्रिय पंचायत, सामाजिक समितिको २०३६ सालको प्रथम बैठक २०३६ साल श्रावण १९ गतेका दिन समितिका मा०सभापति श्रीमति कमल शाहको सभापतित्वमा वस्यो र समितिले गर्नु पर्ने काम कारवाही सम्पन्न गरी सामाजिक समितिको २०३६ को प्रतिवेदन मस्यौदा तयार गर्नको लागि समितिका मा० उपसभापति श्री कर्णबहादुर धिमालको संयोजकत्वमा मा० श्री गगन जंगवहादुर सिंह, मा० श्री तुलसि सुब्बा, मा० श्री रणधीर सुब्बा र मा० श्री बैकुण्ठ वहादुर चन्द समेत रहनु भएको एउटा ५ (पांच) सदस्यीय सल्लाह, सुझाव एवं प्रतिवेदन मस्यौदा उपसमिति गठन गऱ्यो ।

शिक्षा तथा संस्कृति, स्वास्थ्य, परराष्ट्र, संचार र सामाजिक कल्याण मन्त्रालय गरी... र मंत्रालयहरू पठाइन् र

प्रतिवेदन मस्यौदा उपसमितिले आफूलाई सुम्पेको काम कारवाही पुरा गर्ने सिलसिलामा सामाजिक समिति सित सम्वन्धित शिक्षा तथा संस्कृति, स्वास्थ्य, परराष्ट्र, संचार र सामाजिक कल्याण मन्त्रालयवाट प्राप्त हुन आएको गत सालको समितिको प्रतिवेदन माथिको प्रतिकृयाहरूलाई विस्तृत अध्ययन गरि छलफल एवं विचारहरूको आदान प्रदान गर्नुको साथै समितिका विभिन्न मा० सदस्यज्यूहरूले उपत्यका भित्रका रेडियो नेपाल, चलचीत्र संस्थान, त्रिपुरेश्वर र वलम्वु स्थित अर्थसाटलाईटकेन्द्र, विर अस्पताल, कान्ती अस्पताल, निर्माणाधिन पाटन अस्पताल सरूवा रोग अस्पताल, प्रशुति गृह, नेपाल परिवार नियोजन तथा मातृशिशु कल्याण आयोजना, पनौति स्थीत निर्माणाधीन ब्रह्मायणीको मन्दिर, गोकर्ण स्थीत निर्माणाधिन गोकर्णेश्वर महादेवको मन्दिर, जनक शिक्षा सामाग्री केन्द्र, आदिको स्थलगत निरिक्षण अध्ययन भ्रमण गर्नुको अतिरिक्त विभिन्न मंत्रालयहरू अन्तर्गतका विभाग, कार्यालय एवं संस्थान प्रमुखहरूलाई समेत बोलाई विचारहरूको आदान र प्रदान छलफल गरी ठोस निचोड निकाली यो प्रतिवेदन तयार गरिएको छ ।

राष्ट्रिय पंचायतका मा० सदस्यज्युहरूले आ-आफ्ना जिल्लाहरूमा समिति अन्तर्गत पर्ने मंत्रालयहरू अन्तर्गतका विभाग एवं जिल्ला कार्यालयहरूमा देखेर औल्याउनु भएका त्रुटीहरू, मा० सदस्यहरूले सदनमा बोल्नु भएका र सदनमा उठाउनु भएका प्रश्नहरूलाई समेत आधारमानी यो प्रतिवेदन तयार गरिएको छ ।

प्रतिवेदन मस्यौदा तयार गर्नको लागि प्रतिवेदन मस्यौदा उपसमितिको बैठकहरू २०३६ साल श्रावण १५ र १८ गते, भाद्र ४, ८, १६, २७, २८, २९, ३०, र ३१

गते र आश्विन ६ गते गरी जम्मा ११ पटक वस्यो र जम्मा २२ घण्टा १५ मिनेट को समय लियो ।

त्यस्तै सामाजिक समितिको बैठक २०३६ साल श्रावण ११ गते, भाद्र १,६, १३,१४,१६,१८,२२,२७गते, आश्विन २,७, र १० गतेहरुमा गरी जम्मा १२ पटक वसी समितिले आफ्नो काम गर्दामा जम्मा २० घण्टा १५ मिनेटको समय लियो ।

यस वर्ष सामाजिक समितिमा निम्न लिखित विधेयकहरु प्रस्तुत भएकोमा ती विधेयकहरुलाई राष्ट्रिय पंचायतको बैठकले पारित गरेको थियो ।

१. "अपांग संरक्षण तथा कल्याण विधेयक, २०३६"
२. "छापाखाना र प्रकाशन सम्वन्धी नेपाल कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक, २०३६"
३. "सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद ऐन २०३४लाई संशोधन गर्न बनेको विधेयक २०३६"

## शिक्षा तथा संस्कृति मन्त्रालय

(१) पाहाडी भेगका माध्यमिक विद्यालय र निम्न माध्यामिक विद्यालयहरूलेहाल प्राप्त गरिरहेको अनुदानको रकम नपुग भइरहेको भएकोले भौगोलिक दृष्टिकोण बाट विकट अवस्थामा रहेका विद्यालयहरूलाई अनुदानको प्रतिशतमा वृद्धि गर्नु जरूरी छ । त्यसमा नि.मा.वि.स्तरका विद्यालयहरूलाई शत प्रतिशत र मा.वि.स्तरका विद्यालयहरूलाई ७५ प्रतिशत सम्म अनुदानमा वृद्धि हुनु जरूरी छ ।

(२) देशमा थप नयाँ विद्यालयहरू खोल्ने सम्बन्धमा पन्चवर्षिय योजनाको लक्ष्य मुताविकनै चल्ने भए पनि नयाँ कोटा स्विकृत गर्दा विशुद्ध शैक्षिक र भौगोलिक आवश्यकतालाई मात्र आधार बनाई विना कुनै संकिर्ण राजनीतिक दवावमा स्विकृत गर्ने गरिरहा न्यायोचित र सामन्जस्यको परिस्थिति सृजना हुने भएकोले उच्चस्तरिय सुपरिवेक्षण समितिको आवश्यक शिफारिस लिए पछि मात्र शिफारिस गर्ने तर्फ शिक्षा तथा संस्कृति मंत्रालयको ध्यान जानु जरूरी छ ।

(३) नयाँ विद्यालयहरू खोल्ने सम्बन्धमा मंत्रालयमा जिल्ला शिक्षा समितिले गरेको सिफारिस मात्रलाई आधार बनाई दिंदा पनि आधारभूत क्षेत्रहरूको माग पूरा नहुने भएकोले उक्त समितिको सिफारिसमाथि थप कोटाहरूको स्विकृती दिनु अत्यन्त जरूरी भएकोले त्यस सम्बन्धमा मंत्रालयको ध्यान शिघ्र जाओस् भन्ने समिति सुझाव दिन्छ ।

(४) शैक्षिक सत्र शूरू भएको धेरै समयसम्म पनि आवश्यक पाठ्य पुस्तक तथा शैक्षिक सामाग्रीहरू नपुगेमा शिक्षण कार्यमा ज्यादै बाधा पुग्ने भएकोले प्रत्येक विद्यालयहरूमा पाठ्य पुस्तक तथा सामाग्रीहरू शैक्षिक सत्र शुरू हुनु अगावै पु-याउनु पर्ने कुरामा समिति जोड दिन्छ ।

(५) शिक्षकहरू वढि कार्यकुशल हुन, आफ्नो-आफ्नो अध्यापन क्षेत्रमा वढि दक्ष हुन, शैक्षिक स्तर अफ माथि उठोस, भनेर शिक्षकहरूको दक्षताको अभिवृद्धि गर्ने तालिम कार्यक्रम संचालन हुनु वान्छनिय भएकोले माध्यामिक तहका शिक्षकहरूलाई तालिमको व्यवस्था भए जस्तै प्राथमिक तहका शिक्षकहरूको लागि पनि अफ वढि प्राथमिकता दिई निश्चित अवधिसम्म अनिवार्य रूपमा तालिमको व्यवस्था हुनु अति जरूरी भएको समिति सुझाव गर्दछ ।

(६) नीजि क्षेत्रमा सन्चालित केही आवशिय तथा अरू विद्यालयहरू व्यापारिक उद्देश्यले प्रेरित भएकोले विद्यालयको शैक्षिक स्तर र भौतिक सुविधाहरूलाई

समेत मूल्यांकन गरी स्तर अनुसारको शुल्क श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रालयबाट तोकिने व्यवस्था मिलाउन समिति सुझाव दिन्छ ।

(७) शैक्षिक तथा सामाजिक जन-जीवनमा पिछडीएका जनजातिहरूको उत्थानको लागि अति पिछडिएको जनजातिहरूको लागि कमसेकम एस.एल.सी.तहसम्म फिस तथा पाठ्य पुस्तकहरूको सम्पूर्ण खर्चहरू व्यहोरी अनिवार्य रुपमा शिक्षा दिने व्यवस्था गर्न र अन्य पिछडिएका जनजातिहरूलाई पनि कम से कम एस.एल.सी.तहसम्म केही कोटाहरू निश्चित गरि फिस र पुस्तकहरूको नि:शुल्क व्यवस्था हुन पर्ने आवश्यकतालाई समिति महशुस गर्दछ ।

(८) माध्यामिक स्तरको केन्द्रिय परिक्षा प्रणालीबाट लिइएको परीक्षाको नतिजा असंतोषमा व्याप्त भएको देखिन्छ । असंतोषपूर्ण परिक्षा प्रणाली को सम्वन्धमा मूल्यांकन तरिकामा नै हेलचक्र्याईं हुनु मुख्य कारण हुन सक्दछ। अत: यस तर्फ मंत्रालयले गंभिरतापूर्वक सोची विचारी कदम चाल्न समिति जोडदार माग गर्दछ ।

(९) छात्रवृत्तिका सम्वन्धमा कुनै पनि नेपालीहरू श्री ५ को सरकारको सम्वन्धित निकायहरू मार्फत मात्र अध्ययन गर्न जाने पाउने र नीजि खर्चमा पढ्न जाने विद्यार्थीहरू बाहेक अरूलाई कल्चरल स्कलरसिप वा अरू त्यस्तै अन्य स्कलरसिप हरूमा श्री ५ को सरकारको स्विकृत वेगर पढ्न जानमा पुर्णतया प्रतिवन्ध लगाइनु पर्ने व्यवस्था गर्नको लागि समिति जोडदार सुझाव दिन्छ ।

(१०) गत वर्ष समितिको प्रतिवेदनमा मंत्रालयले छात्रवृत्ति उपलव्ध गराउंदा क्षेत्र गत प्राथमिकताको आधारमा उपलव्ध गराउने विद्यमान व्यवस्थाले मध्ये पहाडी भाग ज्यादै उपेक्षित रहन गएको अनुभव समिति महशुस गर्दछ । अत: मध्य पहाडी भागलाई समेत प्राथमिकता प्राप्त क्षेत्रमा समावेश हुन जरूरी छ भनी समिति सिफारिस गर्दछ ।

## त्रिभुवन विश्वविद्यालय

(१) नीजि स्तरमा नयां क्याम्पसहरू खोल्न स्विकृति दिंदा जनसंख्या, भौगोलिक आधार, र स्थानीय विद्यार्थीहरूको आवश्यकतालाई पनि ध्यानमा राखी विस्तृत अध्ययन गरे पछि नयां स्विकृतिहरू दिने गरिनु पर्ने समिति सुझाव दिन्छ ।

(२) विश्वविद्यालय र क्याम्पसको संख्या वृद्धि हुँदैमा शैक्षिक आवश्यकता र स्तर पुरा हुन्छ भन्ने होइन तापनि पूर्वाञ्चल क्षेत्रको बढ्दो शैक्षिक आवश्यकतालाई ध्यानमा राखी विराटनगर क्षेत्रमा एकविश्वविद्यालयको स्थापना गर्न शिघ्रातिशिघ्र कदम चाल्न समिति जोड्दार सुझाव गर्दछ ।

(३) शैक्षिक गुणस्तरको खस्कँदो प्रकृया भयावह छ । शिक्षाको गुणस्तर बढाउन परिक्षा प्रणालीको पनि महत्वपूर्ण भूमिका हुने कुरामा दुई मत हुन सक्दैन । यसको अलावा क्याम्पसको शैक्षिक वातावरण, उपलब्ध योग्य शिक्षकहरू, पाठ्यपुस्तक तथा शैक्षिक सामाग्रीहरूको व्यवस्था जस्ता यावत पक्षहरूको पुनर्मूल्यांकन हुन समिति जोड दिँदै यसको संतोषजनक जानकारी समितिलाई दिन समेत समिति सुझाव गर्दछ ।

(४) त्रि.वि.वि.मा रहेको साविकको प्रशासनिक दरवन्दीहरूमा केही कटौती गरि खर्च कटौति गर्ने तर्फ ध्यान दिएको देखिएको भएतापनि स्थापित शिक्षक दरवन्दीको हकमा अनावश्यक विषयहरूमा बढी शिक्षकहरू भएका र आवश्यक विषयहरूमा कम देखिएकोले आनुपातिक रूपमा शिक्षकहरूको संख्या बढाइनु पर्ने समिति महशुस गर्दछ ।

(५) क्याम्पस प्रमुखहरू जस्तो महत्वपूर्ण पदहरूमा नियुक्ति गर्दा योग्यता, जेष्ठता अनुभव र परिपक्वतालाई समेत दृष्टि पुऱ्याई मात्र नियुक्ति गरिने परिपाटी ल्याउनु पर्दछ, जसवाट हाल केही शिक्षक र विद्यार्थीहरूमा देखापरिरहेको उच्छृङ्खलता र अनुशासनहीनता केही नियन्त्रण हुनजाने हुनाले त्यसतिर्फ गंभिरतापूर्वक कदम चाल्न समिति जोड दिन्छ ।

(६) विभिन्न छात्रवृत्तिहरूमा उम्मेदवारको छनौट गर्दा विभिन्न दृष्टिकोणवाट योग्य उम्मेदवारको छनौट हुनु पर्ने हुनाले उम्मेदवारहरूको शैक्षिक योग्यताको मूल्यांकन त्रि.वि.वि.वाटै गर्ने गरी बाँकी कार्य मात्र मन्त्रालयवाट हुने व्यवस्था हुन समिति सुझाव दिन्छ ।

(७) पिछडिएका जाति एवं वर्गहरूको उत्थान गर्ने हेतुले तिनीहरूकालागि केही निश्चित कोटाको व्यवस्था हुनु जरूरी भएकोले त्यसतर्फ पनि सम्वन्धित निकायको ध्यान जाओस भनी समिति सुझाव दिन्छ ।

(८) त्रि.वि.वि. कार्यकारीणी समितिमा एक जना शिक्षक पनि सदस्य राख्ने व्यवस्था गर्न गत वर्षको समितिको सुझावमा उल्लेखित भएकोमा त्यस तर्फ

कारवाही भै रहेको छ भन्ने जवाफ प्राप्त भएकोले त्यसको शिघ्र कार्यान्वयन गर्ने आवश्यक व्यवस्था गर्न समिति जोड दिन्छ ।

(९) नीजि क्षेत्रका क्याम्पसहरुको शैक्षिक स्तर कायम राख्न नियमीत रुपले निरिक्षण र मूल्यांकन गर्ने व्यवस्था गर्ने तर्फ कारवाही भई रहेको भनी गत सालको प्रतिवेदनको जवाफ प्राप्त भएकोमा त्यसको शिघ्र कार्यान्वयन गर्ने व्यवस्था गर्न पनि समिति पुन: ध्यान आकृष्ठ गर्दछ ।

(१०) नीजि स्तरमा खोली आएका क्याम्पसहरुमा कम से कम एक जना शिक्षक मात्र भए पनि त्रिभुवन विश्वविद्यालयवाट पठाउने व्यवस्था हुनु पर्ने कुरालाई समिति महशुस गर्दछ र साथै अनुभवी शिक्षकको माग नीजि क्याम्पसले गरेमा क्याम्पसले आफ्नै श्रोतवाट बेहोर्ने गरी लियनपद यथावत राखी खटाउने प्रवन्ध गर्नु पर्ने कुरालाई समिति जोडदार शिफारिस गर्दछ ।

## राष्ट्रिय खेलकूद परिषद

(१) राष्ट्रिय खेलकूद परिषदले अन्तर्राष्ट्रिय जगतमा नेपाली खेलाडीहरुलाई भागलिन पठाउंदा सो ठाउंको स्थानीय स्तरमा पुग्ने गरी खर्च, खेलको आवश्यक पोशाक आदी उपलव्ध गराउने व्यवस्था हुन पर्दछ अन्यथा अरुको अगाडि हीनता वोध हुन गई भागलिन गएको खेलमा सधै असफल हुने हुन्छन । कम स्थानमा कम खेलाडीहरु पठाए पनि खेलको उत्कृष्टता कायम गर्ने तर्फ शिघ्र कदम उठाउने संवन्धित मंत्रालय तथा परिषदको ध्यान समिति आकृष्ट गराउंदछ ।

(२) जिल्ला स्तरमा सर्वोत्तम स्थान प्राप्त गर्ने होनहार खेलाडीहरुलाई पनि राष्ट्रिय स्तरमा उचाली तिनीहरुको प्रतिभाको कदर गर्ने गरिएमा राष्ट्रिय खेलकूदको स्तर नै बढ्न जाने हुनाले त्यस तर्फ शिघ्र कारवाही उठाउन पनि समिति परिषदको ध्यान आकृष्ट गर्दछ ।

(३) राष्ट्रिय स्तरमा हुने खेलकूद प्रतियोगिताहरुमा जिल्ला जिल्लावाट भाग लिन आउने टोलीहरुको लागि वाटो खर्चको अलावा अन्य आवश्यक खर्चहरुको व्यवस्था जिल्ला र केन्द्र वाट नभई खेलाडीहरुलाई ज्यादै मर्का पर्न गएकोले त्यसको यथोचित प्रवन्ध केन्द्रवाटै हुने व्यवस्था समेत मिलाउन समिति सुझाव गर्दछ ।

(४) माध्यमिक स्कुल तथा क्याम्पस स्तर देखिनै उत्तम खेलाडीहरू तयार गर्न प्रशिक्षकहरू बाट नियमित तालीम दिलाउनु पर्ने कुरामा समिति जोड दिन्छ ।

(५) खेलकूदको माध्यमबाट संसारमा द्रुततर गतिमा भाईचारा संबन्धको विकास भएको हामी पाउँछौं । राजनीतिज्ञहरूको भेटघाट सरसम्पर्क भन्दा पहिले मित्र देशहरूको हात खेलकूद र खेलाडीहरूकै माध्यमबाट संबन्ध बढाउँछन् । अत: स्तरीय खेलकूदको विकास हुन नितान्त जरूरी भएको समिति महशुस गर्दछ । अपितु: . खेलकूदको विकास भएर मात्रै पनि विकास हुने होइन यसकालागि उचित वातावरण, खेलकूद सामाग्रिको व्यवस्था, प्रशिक्षक, तालिम प्रतियोगिता जस्ता अन्य पक्षहरूको अलावा त्यसलाई प्रमुख टेवा दिने यथेष्ट अर्थ एवं वित्तिय साधनको आवश्यकता भन्न टड्कारो रूपमा महशुस हुन्छ । अत: संबन्धित म मंत्रालयको यतापट्टि मौकैमा ध्यान जाओस भन्ने समिति जोडदार सिफारिस गर्दछ ।

(६) चौधै अंचल पचहत्तरै जिल्लामा संतुलित तवरमा खेलकूदको विकास हुने गरी - व्यापक दृष्टिकोणबाट खेलकूदको विकास गर्ने कार्यक्रम संचालन गर्नेतर्फ ध्यान दिइनु जरूरी छ ।

(७) राजधानीमा राष्ट्रिय खेलकूद परिषदले निर्माण गर्न लागेको होटेललाई खेलकूद परिषदले नै संचालन गर्ने व्यवस्था गरिएमा, प्रत्येक वर्ष देशमा आयोजना हुने क्षेत्रिय राष्ट्रिय एवं अन्तर्राष्ट्रिय खेलकूद साँडीहरूमा आमन्त्रित खेलाडीहरूको बसोवास गराउन सकियोस् भने वर्षेनी कतिपय व्यापारिक होटलहरूमा खर्च हुने लाखौं लाख रूपियाँको बचत हुन गई खेलकूद परिषदको खर्चमा बचत हुन जानेछ ।

(८) खेलकूदको नाममा विभिन्न अंचलहरूमा सिमेन्ट आदी वस्तुहरूमा उठाइएको विभिन्न चन्दा रकमहरूको राम्रो सदुपयोग गर्नुको साथै : हिसाव किताव राख्न र उक्त चन्दा रकमलाई अरूकार्यहरूमा खर्च नगरी खेलकूदकैलागि मात्र खर्च गरियोस भनी समिति जोड दिन्छ ।

## पुरातत्व विभाग

(१) कुनै पनि राष्ट्रमा त्यसको राष्ट्रिय स्वरुप, जनजीवन, कलासंस्कृति जस्ता विभिन्न पदाहरुको क्रमवद्धरुपमा सर्वांग जानकारी दिने संग्रहालय हुनु पर्ने परिप्रेक्षमा हाम्रो देशमा पनि त्यही अनुरुपको संग्रहालय हुनु पर्ने तर हालको हाम्रो संग्रहालयवाट ती उद्देश्यहरु परिपूर्ति नहुने देखिएकोले त्यसलाई विस्तार गर्न पुनर्व्यवस्था र पुनरुत्थान गर्नकालागि आवश्यक व्यवस्था अविलम्व गर्नु पर्ने कुरामा समिति जोड दिन्छ ।

(२) पुरातात्विक महत्वका प्राचिन ग्रन्थ र सामाग्रिहरु मूर्तिकलाका सामानहरुको वाहिर निकासी हुन वाट वचाउन त्यस्ता सामाग्रिहरुलाई खुला वजारमा प्राप्त हुने मूल्य पुरातत्व विभागले पनि दिने गरी ती पुरातत्विक महत्वका वस्तुहरुको संकलन र संरक्षण गर्ने तिर ध्यान देओस भन्ने समिति सुझाव गर्दछ । अन्यथा संपूर्ण पुरातात्विक वस्तुहरु धनी देशहरुमा चोरी निकासी हुन गई राष्ट्रिय कला र संस्कृतिको दाया हुने हुंदा सम्वन्धित निकायहरुवाट गंभिरतापूर्वक विचार गर्न समिति आग्रह गर्दछ ।

(३) ऐतिहासिक किरांत काल देखि अध्यावधिको सामाजिक, राजनैतिक, आर्थिक पक्षको क्रमिक विकासको विभिन्न पदाहरु भल्काउने संग्रहालयहरु निमार्ण गर्ने तर्फ अथवा भैरहेकै संग्रहालयमै त्यसता विभागहरु थप्न गर्न समितिसम्वन्धित निकायको ध्यान आकृष्ट गर्दछ ।

(४) गत:वर्ष समितिले शिक्षा मन्त्रालय अन्तर्गत रहेका राष्ट्रिय पुस्तकालय एवं केशर पुस्तकालयलाई एउटैमा गाभी एक राष्ट्रिय स्तरको सु-सम्पन्न एवं सु-व्यवस्थित पुस्तकालयका रुपमा राख्न पनि जरुरी छ भन्ने सुझाव गरेकोमा त्यस संवन्धमा मन्त्रालय मौन रहेकोले के कारण ले मौन रहन परेको हो त्यसको प्रष्ट जवाफ समितिलाई प्राप्त होस भन्ने चाहन्छ ।

## राष्ट्रिय अभिलेखालय

देशको इतिहासको सही परिचय दिने एकमात्र माध्यम अभिलेखालय नै हुने भएकोले हाल रहेको राष्ट्रिय अभिलेखालयको स्थिती, कार्यक्षेत्र र यसको क्षमतालाई वृहतरुपमा विस्तार गर्नु अति जरुरी भएको छ । अभिलेखालयले राष्ट्रिय महत्वका पुस्तक पूस्तिका, कागज पत्रहरुको अलावाताम्र-पत्र, शिलापत्र, लालमोहर, सनद आदी

विभिन्न ऐतिहासिक महत्वका अधिराज्यभरीका सरकारी एवं गैरसरकारी रूपमा रहेका वस्तुहरूलाई वृहत अभियानको रूपमा संकलन गर्नु पर्ने अत्यावश्यकता माथि समिति पुन: जोड लगाउँदै यसरी प्राप्त कुरालाई आधुनिक एवं वैज्ञानिक ढंगले राखी स्वदेशी एवं विदेशी अनुसन्धान कर्ताहरू र सर्वसाधारणलाई समेत सुलभढंगले हेर्न र अध्ययन गर्न पाउने व्यवस्था गर्नको साथै तिनीहरूलाई सहयोग दिन स्थायीरूपमा अभिलेखालयमै केही विशेषज्ञहरू समेत राख्नु पर्ने आवश्यकतालाई समितिले महसुस गरेको छ ।

## राजकीय प्रज्ञाप्रतिष्ठान

देशको कला, संस्कृति र साहित्यको संरक्षण र सम्वर्धन गर्ने पुनित उद्देश्यले स्थापना भएको प्रज्ञाप्रतिष्ठानले यी विषयहरूमा विस्तृत एवं व्यापक अन्वेषण र अनुसन्धान गर्ने कार्यहरूमा आवश्यक मात्रामा संलग्न भएको नदेखिएकोले सानातिना कार्यहरूमा नअल्मलिई यी महान् उद्देश्यहरूको परिपूर्तिकालागि दत्तचित्त भई अग्रसर हुनु पर्ने कुरामा समिति जोड दिन्छ ।

प्रतिष्ठानवाट प्रदान गरिने विद्वतवृत्तिमा नातावाद, कृपावाद भयो भन्ने आम गुनासो भएकोले विद्वतवृत्तिको सदुपयोग गर्ने तिर ध्यान दिनको लागि समिति सुझाव दिन्छ ।

## सांस्कृतिक संस्थान

राष्ट्रिय चाड पर्वको अवसर पारेर १४ अंचलको कलाकारहरूलाई एकै ठाउँमा भेला गराएर सांस्कृतिक कार्यक्रम देखाउने गरेमा देशको कुना काप्चामा लुकेर बसेका कलाकारहरूले पनि मौका पाउने भएकोले यसो गर्नको लागि समिति जोडदार सिफारिस गर्दछ ।

श्री ५ को सरकारले गत २०३७ मा निर्णय गरे अनुसार कर्मचारीहरूलाई महंगी भत्ता दिइएको र संस्थानका कर्मचारीहरूले पनि सोही अनुसार पाएकोमा सांस्कृतिक संस्थानका कर्मचारीहरूले हाल सम्म सो महंगी भत्ता नपाएकोले त्यसको व्यवस्था गर्ने तर्फ ध्यान दिइयोस भनी समिति सिफारिस गर्दछ ।

संस्थान भित्र भ्रष्टाचार, मनोमानी, कृपावाद आदी भई रहेको छ भन्ने व्यापक चर्चा सुन्नमा आएकोले यी कुराहरूको अविलम्व उचीत जांचकारी नियमितता ल्याइयोस भनी समिति सुझाव दिन्छ ।

पुराना अनुभवी विशिष्ट कलाकारहरूलाई ज्यालादारीमा काम गराई र राख्दा उनीहरूमा सुरक्षाको भावना नआई हतोत्साही हुन सक्कोले विशिष्ट कलाकारहरूको लागि विशेष व्यवस्था समेत गरी उनीहरूको कलालाई उचीत सम्मान र कदर गरी वढी भन्दा वढी मात्रामा लाभान्वित गराउने दिशातर्फ सोचाई हुनु पर्दछ भन्ने समिति जोड दिन्छ ।

## जनक शिक्षा सामाग्री केन्द्र

(१) जनक शिक्षा सामाग्री केन्द्रको कार्यप्रगति संतोष जनक नै पाइएको छ । अफ्न पनि आफ्नो मुल लक्ष्यतर्फ वढ़ि सजग हुन समिति सुझाव गर्दछ र हरेक वर्ष शैक्षिक सत्र सुरु हुनु भन्दा पहिले नै पाठ्य पुस्तकहरू प्रकाशित गरि सकेर समयमै वितरकहरूलाई पुस्तकहरू हस्तान्तरण गरिनु पर्ने वारे समिति सुझाव दिन्छ ।

(२) केन्द्रमा भएका लाखौं लाख मूल्य पर्ने मेशीनहरू सवैको उचित रूपमा प्रयोग गरी उत्पादन वढाउने तर्फ केन्द्र सजग रहनु समिति सुझाव दिन्छ ।

(३) पाठ्य पुस्तकको माग आपूर्ति गर्नको लागि प्रकाशन क्षमता वढाउनु जरूरी हुने हुंदा वढ्दो मागको आवश्यकता अनुरूप अत्याधुनिक प्रेस परफेक्ट वाइण्डिङ० मेशिन प्रोग्रामेटिक कटिङ० मेशीनहरू थप्दै लगेको कार्य सह्रानीय छ र त्यस तर्फ निरन्तर ध्यान दिन समिति आग्रह गर्दछ ।

(४) त्यस केन्द्रलाई आत्मनिर्भर वनाउन पाठ्य पुस्तक उत्पादनको लागि चाहिने सवै किसिमको कच्चा पदार्थहरू त्यसै केन्द्रमा उत्पादन गर्न पट्टी ध्यान देओस भनी समिति सुझाव दिन्छ ।

(५) केन्द्रवाट उत्पादन हुने पुस्तक पुस्तिकाहरू आदी तयार पार्दा निस्कीने कागज का टुक्रा टुक्रीहरूलाई केन्द्रवाटै पशाली गरी त्यसवाट सस्तो मुल्यमा कापिहरू तयार पार्ने गरिएमा आर्थिक दृष्टिकोणले पनि फायदा हुने र विद्यार्थीहरूलाई पनि सहुलियत हुनेभएकोले यस तर्फ उचीत ध्यान दिन समिति सुझाव दिन्छ ।

(६) दक्ष जनशक्ति तयार गर्नको लागि बढी से बढी कर्मचारीहरूलाई तालिम प्रदान गराउन वान्छनीय भएकोले सम्बन्धीत मंत्रालयले त्यस केन्द्रलाई बढी तालिम कोटाहरू उपलब्ध गराउने तिर ध्यान देओस भनी समिति सुझाव दिन्छ ।

## स्वास्थ्य मंत्रालय

अधिराज्यका विभिन्न अंचल र जिल्ला स्तरिय कतिपय अस्पतालहरूका अतिरिक्त विभिन्न हेल्थ पोष्ट र हेल्थ सेन्टरहरूमा औषधीहरू समयमा नपुग्नु र पुगे पनि पर्याप्त औषधीहरू नपठाई दिनाले औषधोपचारमा निकै बाधा पर्न गएको देखिन्छ । यसरी पठाउने गरेको औषधीको बजेट बढाएर समयमा औषधी पुराउने तिर सम्बन्धीत मंत्रालयले ध्यान दिनु जरूरी भएको कुरोमा समिति ध्यान आकर्षण गर्दछ ।

विभिन्न अंचल स्तरीय र जिल्ला स्तरीय अस्पतालहरूका अतिरिक्त हेल्थ पोष्ट र हेल्थ सेन्टरहरूमा पठाएको औषधीको किसिम र परिमाणको जानकारी सम्बन्धीत जिल्ला पंचायत र राष्ट्रिय पंचायतका सदस्यहरूलाई दिने व्यवस्था गर्नु आवश्यक भएको समिति महशुस गर्दछ ।

खटाएको कतिपय स्वास्थ्य केन्द्रमा हाजिर हुन नगई आफूलाई पायक पर्ने ठाउँमा काज बस्ने डाक्टर तथा स्वास्थ्य सेवामा लागेका अन्य कर्मचारीहरूलाई कडाईका साथ कारवाही गरी खटाएको ठाउँमा सकेसम्म चाँडो जाने व्यवस्था गर्न सम्बन्धित मंत्रालयले ध्यान दिन अति जरूरी भएको छ । प्रत्येक जिल्लाको ९ नै इलाकामा हेल्थ पोष्ट स्थापना गर्ने भन्ने सिद्धान्तत: स्विकृत भई सकेको कुरो बुझिन्न आएकोमा दुर्गम र पहाडी इलाकामा दुर्गमता र दूरताको दृष्टिलाई ध्यान मा राखि यसरी संख्यातो किनु युक्ति संगत देखिंदैन । अत: नौको संख्याका आवश्यकता अनुसार वृद्धि गर्न समेत सकिने व्यवस्था हुनु जरूरी भएको कुरा पनि समिति महशुस गर्दछ ।

जिल्लास्तरीय अस्पतालहरूमा महिलाहरूको लागि पाँच प्रसुति शैयाको अलग व्यवस्था गरिनु जरूरी छ । यस्तो अस्पतालहरूमा एक-एकमहिला चिकित्सकको व्यवस्था हुन पनि समिति जोडदार सिफारिस गर्दछ ।

गतसाल समितिको प्रतिवेदनमा डाक्टरहरूले प्राइभेट क्लिनिकमा जाँचेवापत रू.१५।- र विशेषज्ञले रू.२०।- भन्दा वढी फि लिन नपाउने सुझावको सम्वन्धमा मंत्रालयको प्रत्युत्तर पनि त्यही अनुरूप भए तापनि व्यवहारमा डाक्टरहरूले निकै वढी फि लिने गरेकोले सर्वसाधारणलाई निकै मर्का परि राखेकोले सम्वन्धीत निकायको ध्यान अविलम्व जान जोड लगाउंछ ।

## अस्पतालहरूका सम्वन्धमा

कतिपय डाक्टर, नर्स र स्वास्थ्यको क्षेत्रमा काम गर्ने अन्य कर्मचारीहरूको व्यवहार वारे आम जनतामा गुनासो सुनिन्छ । तसर्थ शिष्ट व्यवहार गर्नको लागि मंत्रालयले निर्देशन दिनु जरूरी छ ।

श्री ५ को सरकारले अधिराज्यका जुन जुन अस्पतालहरूमा विरामीहरूलाई खाना उपलव्ध गराएको छ, कतिपय ती अस्पतालहरूमा खाना राम्रो नभएको र श्री ५ को सरकारले उपलव्ध गराए जति मात्रामा विरामीहरूले नपाएको भन्ने व्यापक जन गुनासो छ, यसतर्फ मंत्रालयले राम्री ध्यान दिनु जरूरी छ ।

वीर अस्पताल :- विर अस्पताल देशको सवैभन्दा ठूलो स्वास्थ्योपचार केन्द्र भएको हुनाले यसको सेवा सुलभ, स्तरिय, दक्षतापूर्ण र विश्वसनीय हुनु वांछनीय छ । स्वास्थ्योपचारको लागि आवश्यक वातावरण स्वच्छ र स्वस्थ राख्ने तिर पनि अस्पताल व्यवस्थापन पक्षको ध्यान जानु जरूरी छ ।

गत:साल पनि समितिले निरिक्षण तथा अध्ययन गरि यस अस्पतालका संवन्धमा गरेको सुझावतिर समिति पून:ध्यान आकर्षित गर्न चाहन्छ ।

त्यसै यस पटक पनि समितिले वीर अस्पतालको निरिक्षणको सिलसिलामा पाइएका निम्न लिखित कुराहरू समिति औंल्याउंदछ ।

१. शिकिस्त विरामी पनि कोठामा ठाउं नपाई भूईंमा ओच्छ्यान लगाई वसेको देखिएकोले कमसेकम त्यस्ता विरामीलाई प्राथमिकता दिई वेडको व्यवस्था गर्न र अरूलाई पनि आवश्यक वेडहरू दिन ... कोठाहरूको विस्तार अविलम्व गरिनु पर्दछ ।
२. फोहर वातावरणले स्वास्थ्योपचारमै प्रतिकुल प्रभाव पर्न सक्ने हुनाले नियमित

सरसफाईको लागि अस्पताल प्रशासनले त्यसतर्फ शिघ्र ध्यान दिन समितिले सुझाव गर्दछ ।

३. हालको चिकित्सकहरूको दरवन्दी अपुग भई दरवन्दीथप्ने तिर कारवाही व वढाउने समिति सुझाव गर्दछ । त्यस्तै बढ्दो आवश्यकतालाई ध्यानमा राखी नर्सहरूको संख्यामा समेत वृद्धि गर्न सामयिक हुने हुनाले समिति जोडदार सिफारिस गर्दछ ।

४. धेरै समय अगाडी केही तालिम लिएर आएका नर्सहरूको सिमित संख्याले अस्पतालको आवश्यकतामै प्रतिकुल असर पर्ने समिति महशुस गर्दछ । अतः नर्सहरूको दरवन्दीवृद्धि गरि आवश्यक तालिमको व्यवस्था उपलब्ध गराउन समिति जोडदार शिफारिस गर्दछ ।

५. मित्र राष्ट्रहरूका संघ संस्थावाट उदार साहायतामा प्राप्त किड्नी तथा डायलसीसका अति आवश्यक सामानहरुको अवस्था प्रति समिति दुःख प्रकट गर्दछ । आफ्नै संर्चना स्थापना गर्नु पर्ने त्यस्तो महत्वपूर्ण सामान, विदेशी संगठनहरुवाट प्राप्त हुंदा पनि सदुपयोग गर्न नसक्नु निश्चय पनि दुःखदायी छ । अस्पताल व्यवस्थापन हाल सम्म त्यस संवन्धमा निस्कृय रहेको बुझिएकोले त्यस संवन्धमा यथाशिघ्र संभव उपायहरु अपनाई यस समितिलाई समेत जानकारी दिनु हुन समिति संवन्धित निकायलाई स्मरण गराउंदछ ।

६. अस्पतालका सल्य चिकित्साका सामानहरू पुराना भैसकेकोले त्यसलाई पूर्णरूपले बदल्नु आवश्यक भई सकेको जुनासो चिकित्सकहरूवाटै सुन्नमा आएकोले त्यसतर्फ यथाशिघ्र संवन्धित निकायको ध्यान जाओस भन्ने समितिको सुझाव छ ।

७. संकटकालिन उपचार कक्षको व्यवस्थामा लापर्वाही र शीथिलताआई विरामीहरूलाई निकै मर्का परेको महशुस भएकोले त्यस तर्फ मन्त्रालय तथा अस्पताल व्यवस्थापन निकायको ध्यान जाओस भन्ने समिति सुझाव गर्दछ ।

८. रेडक्रस "ब्लड बैंक" हाल अस्पतालवाट निकै टाढा भएकोले अस्पतालमा हुने सल्य चिकित्साका वेला रोगिलाई आवश्यक पर्ने रगत उपलब्ध गर्न गराउन अस्पतालको आफ्नो एक "ब्लड बैंक" को व्यवस्था हुन अति आवश्यक भएको समिति महशुस गर्दछ ।

कान्ति अस्पताल :-

१. अस्पतालमा जडान भएका कतिपय उपकरणहरूको संचालन गर्ने दक्ष र तालिम प्राप्त [illegible]

प्राप्त प्राविधिकहरूको कमिले गर्दा बाधा उत्पन्न भईरहेको समिति महशुस गर्दछ । अत: तालिम प्राप्त प्राविधिकहरू उपलब्ध गराउन संवन्धित निकायले तालिम लिन पठाउने प्रवन्ध गर्नेतिर ध्यान दिन समिति शिफारिस गर्दछ ।

२. अस्पतालमा क्याविनहरू, ल्वड, र यूरिन कल्चर गर्ने मेसिनहरू तथा सरसफाई र पिउने पानी जस्तो अति आवश्यक वस्तुहरूको समेत अभाव देखिएकोले त्यस तर्फ शिघ्र पाईला चाल्न समिति शिफारिस गर्दछ ।

३. रोगीहरूको लागि डाक्टरको व्यवहार वात्सल्यपूर्ण हुनु स्वास्थ्योपचारको लागी अति आवश्यक मानविय तत्व हो । अपितु निरिक्षणको क्रममा त्यस्तो भावनाको अभाव वहुतै खट्किएको समिति महशुस गर्दछ । अत: चिकित्सा सेवाका कर्मचारीहरूआफूनो सेवा प्रति अरू वचनवद्ध तथा इमान्दारीता पूर्वक रही दु:खी असहाय, तथा विरामीहरूको सेवामा संलग्न हुनु वांछनीय भएकोले समिति चिकीत्सक तथा अन्य कर्मचारिहरूमा रहेको हेलचक्र्याई तथा उच्छृङखलता हटाउन संवन्धित निकाय सजग होस भन्ने सुझाव गर्दछ ।

सरूवा रोग अस्पताल टेकु :-

१. टेकु अस्पतालमा सरूवा रोगीहरू संग नित्य संपर्कमा रही काम गर्ने डाक्टर, नर्स र अन्य कामदारहरूको लागि खतरा वढी हुने हुनाले उनीहरूकोलागि अन्य ठाउँहरूमा कामगर्नेहरू भन्दा वढी सहुलियतको व्यवस्था गर्न समिति सुझाव गर्दछ ।

२. "सरूवा रोग" को उपचार केन्द्रमा हाल भैइरहेको चिकित्सकहरूको दरवन्दी नै विलकुल नपुग महशुस भएकोले समिति चिकित्सक तथा नर्सहरू लगायत उपचार क्षमताको यावत पदाहरूमा पूनविचार गरि वृद्धि गर्दै लैजाने तिर संवन्धित निकायको ध्यान जानु अति आवश्यक छ ।

३. हाल भईरहेको ६ जना चिकित्सकहरूको दरवन्दी ज्यादै अपुग भएकोले ६ जनाको दरवन्दी थप हुन र सोही बमोजिम नर्स तथा अन्य पदाहरूको वृद्धि गर्दै लैजानु समिति सिफारिस गर्दछ ।

४. विधुत शक्तिको आपूर्ति नियमित हुनु अति आवश्यक भएकोले अस्पतालको लागि एक छुट्टै लाईन यथा शिघ्र जडान गर्न समिति जोडदार सिफारिस गर्दछ ।

प्रशुती गृह :-

१. प्रशुती गृहमा डाक्टरहरूको दरवन्दी जम्मा १७ भएकोमा हाल १० जना डाक्टरहरूले काम गरिराखेको र नर्सहरूको ७२ वटा दरवन्दीमा हाल ४९ जना ले मात्र काम गरीराखेको थाहा हुन आएकोले यस प्रति अविलम्व आवश्यक कार्यवाही गरी दरवन्दीमा भएका सवै डाक्टर तथा नर्सहरूको पदपूर्ति गरि काममा लगाउनु पर्ने कुरामा समिति जोड दिन्छ ।

२. समितिवाट भर्ना भई प्रशुती गृहमा काम गर्ने कर्मचारीहरू स्थायीनहुने, र प्रमोशनहुने ... भएको र उनीहरू अरू अस्पतालहरूमा सरूवा भई जान पनि नपाउने भन्ने वुफीएकोले त्यहाँकाम गर्नेहरूलाई पनि अरू कर्मचारीहरू सरह स्थाई हुने, प्रमोशन पाउने व्यवस्था का लागि समिति सुफाव दिन्छ । साथै आवश्यक पद पुर्तिकालागि वढीभन्दा वढी डाक्टर नर्सहरू श्री ५ को सरकारका तर्फवाट खटाउने व्यवस्था हुन पनि समिति सिफारिस गर्दछ ।

परिवार नियोजन :-

नेपालको परिप्रेक्षमा वढ्दो जनसंख्यालाई दृष्टिगत गर्दा परिवार नियोजन तथामातृ शिशु कल्याण योजना अल्पकालीन योजना मात्र नभइ दिर्घकालिन योजना भएकोले यसलाई स्थायीरूप दिनको लागि स्वास्थ मंत्रालय अर्न्तगत एउटा छुट्टै विभाग को रूपमा यसलाई राख्नु पर्दछ ।

परिवार नियोजन तथा मातृ शिशु कल्याण योजनाले परिवार नियोजनमा मात्र जोड नदिई मातृ शिशु कल्याण योजनामा पनि उत्तिकै महत्व दिई कार्यक्रमहरू वनाइनु पर्दछ ।

परिवार नियोजन कार्यक्रमको आवश्यकता वारे जनताको भावनात्मक एवं मनोवैज्ञानिक परिवर्तन गर्न जनप्रतिनिधिहरूको अध्यक्षतामा जिल्ला स्तरिय एक समितिको गठन गर्न सुफाव दिन्छ ।

नेपाल परिवार नियोजन संघ, नेपाल परिवार नियोजन तथा मातृ शिशु कल्याण योजना, जनसंख्या आयोग, यी तिनै कार्यालयहरूको उद्देश्य एवं लक्ष उस्तै उस्तै भएकोले तिनीहरू विच आपसी समन्वय हुन अत्यन्त जरुरी छ ।

क्षयरोग:-

क्षयरोग सर्वेक्षण गरेर हेर्दा जुन जिल्लामा क्षयरोग वढि देखिन्छ, त्यो जिल्लामा उपकरण र क्षयरोग विशेषज्ञ अस्थाई रूपमा भए पनि अनिवार्य रूपले

पु-याउनु पर्दछ ।

कुष्ठरोग :-कुष्ठरोग निवारणको लागि गतसालको प्रतिवेदनमा उल्लेखितसुझावहरुलाई नै अझ प्रभावकारी ढंगवाट कार्यान्वयन गर्न समिति सुझाव दिन्छ ।

औलो उन्मुलन :- औलो नियन्त्रणको कार्यक्रम अझै निरन्तर रूपमा जारी राख्नु पर्दछ ।

प्रति वर्ष बढ्दो भाइरस इन्सेफ्लाइटिसलाई रोकथाम गर्नको लागि व्यापक अनुसन्धान गरेकन रोकथामको उपयहरु पत्ता लगाई विशेष कार्यक्रम तयार गरिनु पर्दछ । र सो अनुरूप काम गर्न पर्दछ ।

आयुर्वेद चिकित्सा :- आयूर्वेदिक चिकित्सा प्रणाली आफ्नै देशको जडिबुटीमा आधारित भएको र सस्तो पनि पर्ने भएकोले देशव्यापी रुपमा यसको विस्तार गरिनु पर्दछ । हाललाई प्रत्येक जिल्लामा विस्तार गर्न नसकेतापनि प्रत्येक अंचलहरुमा आयूर्वेद चिकित्साको विस्तार हुनु आवश्यक देखिन्छ ।

## परराष्ट्र मन्त्रालय

नेपालको परराष्ट्र नीति र असंलग्नता तथा शान्ति क्षेत्रबारे गत वर्षको सामाजिक समितिको प्रतिवेदनको भूमिका पून: यहाँ उधृत गरिन्छ -

"नेपालको भूराजनीति र अन्तराष्ट्रिय गतिविधिको परिप्रेक्षमा विचार गर्दा नेपालको परराष्ट्र नीति उपयुक्त छ र यसको संचालन अति सफलतासाथ भै आएको छ ।

स्व.श्री ५ महेन्द्र सरकारवाट नेपालको परराष्ट्र नीतिको आधारशिलाको रुपमा असंलग्नताको सिद्धान्त अपनाई अति दृढतापूर्वक यो सिद्धान्त अनुसार परराष्ट्र नीतिको संचालन गर्न लगाई बक्सेर नेपालको प्रतिष्ठामात्र हैन राष्ट्रियता र अस्तित्वको निमित्त पनि ठूलो बल पु-याई बक्सिसको छ ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारवाट नेपाल शान्ति क्षेत्र होस भन्ने प्रस्ताव राखी बक्सी नेपालको असंलग्न परराष्ट्र नीति भन्नू स्पष्ट पारेर असंलग्नताको विचारमा नयाँ आयाम थपिबक्सेको छ ।

असंलग्नता र शान्ति क्षेत्र हाम्रो निम्ति यति महत्वपूर्ण छ कि नेपाल

अधिराज्यको संविधानको तेस्रो संशोधनमा पंचायत प्रणालीका निर्देशक सिद्धान्तहरु मध्ये असंलग्नता र शान्ति क्षेत्र बारेमा संयुक्त राष्ट्र संघको मूल मान्यता तथा असंलग्नताको सिद्धान्तलाई अवलम्बन गरी नेपाललाई शान्ति क्षेत्र बनाउने प्रयास गर्नु पंचायत प्रणालीको परराष्ट्र नीतिको लक्ष्य हुनेछ भन्ने उल्लेख भएको छ ।

त्यसकारण हाम्रा विदेशस्थित शाही नेपाली राजदूतावासहरुको एक मुख्य कर्तव्य यो असंलग्नता बारे नेपालको दृष्टिकोणले गरेको व्याख्यालाई निरन्तर प्रचार प्रसार गर्ने व्यवस्था गर्नु पर्दछ । सम्भव हुने देशहरुमा स्थानीय पत्रपत्रिकाहरुमा पनि यो विषयमा नेपाली दृष्टिकोणबाट शान्ति क्षेत्रको व्याख्याको समय समयमा प्रचार हुन पर्दछ ।"

राष्ट्रिय पंचायत सामाजिक समितिको प्रतिवेदन २०३६मा परराष्ट्र मंत्रालयको कार्यप्रगति विवरणको दफा २ मा समितिको सुझाव अनुसार नेपाल सम्बन्धी सामुहीक र ठोस लेखहरुलाई समावेश गर्ने तर्फ प्रयास भैराखेको छ लेखिएको छ ।

परराष्ट्र मन्त्रालयबाट प्रकाशित हुने नेपाल न्यूज र नेपाल समाचारमा नेपालको असंलग्नता र शान्ति क्षेत्र बारे लेखहरु प्रकाशित भएको अंकहरु सामाजिक समितिमा प्राप्त भएको छैन र ती अंकहरु सामाजिक समितिमा पठाउन परराष्ट्र मन्त्रालयलाई अनुरोध छ ।

परराष्ट्र मंत्रालयको कार्यप्रगति विवरणको दफा ५ मा उल्लेखित गोर्खा पल्टन लियाजो अफिसर बारे परराष्ट्र मंत्रालयको उत्तर अस्पष्ट देखिन्छ । यो बारेनिम्न प्रश्नहरुका उत्तर समितिलाई उपलब्ध होस :-

१. सैनिक सहचारीको साधारणतया अन्तराष्ट्रिय चलन अनुसारको काम कर्तव्य र हाम्रो हंगकंगमा भएका लियाजो अफिसरको काम कर्तव्य अलिक भिन्दै प्रकारको हुनु पर्दछ । नेपाली नागरिकहरु वृटिश गोर्खामा भर्ना भएकोले ती पल्टनमा भएका नेपाली नागरिकहरुको कल्याण (wel fare )को चासो लिनु लियाजो अफिसरको कर्तव्य हुनु पर्दछ, सो कामको निम्ती पल्टनका अफिसरहरु संग समय समयमा लियाजो अफिसरको भेटघाट सम्पर्क हुनु पर्दछ।

सैनिक सहचारीको साधारण तया यस प्रकारको काम कर्तव्य हुँदैन ।

तसर्थ नयाँ दिल्ली स्थीत नेपाली सैनिक सहचारीले भारतको सेनामा भर्ना भएका गोर्खा पल्टन समय समयमा नेपाली पल्टननीया नागरिक बारे सोधपुछ गर्ने भारत सरकार संग संम्झौता छकि छैन ?

[illegible] प्रगति [illegible]

परराष्ट्र मन्त्रालयको कार्यप्रगती विवरणको दफा ६ को वारे :- श्री ५ को सरकारको विभिन्न देशहरू संग सम्झौता गर्दै उपलब्ध हुने सांस्कृतिक र वैज्ञानिक छात्रवृत्तिहरूमा वाहेक आफू खुसि सांस्कृतिक छात्रवृत्तिको नाउंमा वृति नपाउने हुंदा अवैध र गैर कानूनी ढंगका तथाकथित सांस्कृतिक छात्रवृत्तिहरूमा जान प्रतिवन्ध लगाउने व्यवस्था कडाइका साथ लागु गर्न समिति जोड दिन्छ ।

कल्चरल स्कलरसिपमा जाने विद्यार्थिहरूलाई शिक्षा मंत्रालयको स्वीकृति वेगर पासपोर्ट नदिने व्यवस्था कडाईका साथ लागु गर्न समिति जोडदार सिफारिस गर्दछ ।

कतिपय विद्यार्थिहरू विना पासपोर्ट कल्चरल छात्रवृत्ति अन्तर्गत विदेशमा अध्ययन गर्न पुगेका छन् भन्ने सुनिन्छ । तसर्थ विदेश स्थित शाही नेपाली राजदूतावास हरूलाई त्यस्ता विद्यार्थि के कति मात्रामा छन्, ती सवको रिकर्ड राख्ने निर्देशन दिनको लागि समिति जोडदार सिफारिस गर्दछ ।

औपचारिक र त्यस्तै विशेष कारणवश विदेशमा जाने मा० मन्त्रीहरू राष्ट्रिय पंचा सदस्यहरू, अन्य सरकारी ओहदाका विभिन्न कर्मचारीहरू जनसाधारण समेत वाट . . . . . . . . केही शाही नेपाली राजदूतावासहरू तथा कन्सुलेटहरू वाट आवश्यक सहयोग एवं आवश्यक व्यवस्थाहरू नगरी हेलचक्र्याई गर्ने भन्ने व्यापक गुनासो भएकोले विदेशजानेहरूको तहहरूलाई विचार गरी आवश्यक सहयोग एवं अन्य व्यवस्थाहरू समेत अनिवार्यरूपमा गर्न गराउने तर्फ सम्वन्धित निकायले आवश्यक व्यवस्था गर्न समिति जोडदार सुझाव दिन्छ ।

संचार मंत्रालय

गोरखापत्र

१.० गोरखापत्र संस्थानको भवन ज्यादै अस्वस्थ वातावरणमा रहेको, सुरक्षाको दृष्टिकोणले पनि सो ठाउं विलकुल अनुपयुक्त भएको, मुद्रण कार्य विस्तार गर्न पनि स्थानाभावको कारणले असम्भव प्राय: भएकोले अविलम्व नयां भवनको व्यवस्था गर्न जरूरी भएकोले र नयां भवन नभए सम्म हाललाई तुरुन्त अस्थायी रूपमै भए पनि अर्को स्थानको व्यवस्था गर्नु अति आवश्यक भएको छ ।

२. अधिराज्य भरका जनताले पढ्ने प्रमुख पत्रिकाको रूपमा रहेको गोरखापत्रमा राष्ट्रिय एवम् अन्तराष्ट्रिय घटनाहरूको स्तरयुक्त विवेचना भएको सम-सामयिक लेखहरू एवम् टिप्पणीहरू ज्यादै कम भएको महसुस गर्दै यस प्रकारका लेखहरू वढी मात्रामा छाप्न समिति जोड दिन्छ । साथै गोरखापत्रमा महिला, वाल, युवा आदि सवैलाई उपयोगि हुने छुट्टा छुट्टै स्तम्भहरू प्रकाशन गर्दा पनि उतिकै आवश्यक ठान्दछ ।

## रेडियो नेपाल

देशका विभिन्न भागहरूका विभिन्न जाति र वर्गहरूका लोक जीवन र लोक संस्कृतिको पारम्परिक जानकारी दिन सम्वन्धित व्यक्तिहरूवाट नै लोक गितहरू गाउन लाउन र साथै लोक कथाहरू र अन्य यस्तै लेखहरू प्रशारण गरि नेपाली लोक संस्कृतिको विकासको लागि पहिले चलेको कार्यक्रम फुलवारी जस्तै लाई पुन: संचालन गर्न समिति जोड दिन्छ ।

राष्ट्रिय एवम् अन्तराष्ट्रिय महत्वपूर्ण घटनालाई सर्वसाधारणमा वोध गराउन सम्वन्धित विषयहरूका जानिफकार व्यक्तिहरू एवम् निकायहरू सित निकटम सम्वन्ध राखि नियमित रूपमा प्रशारण हुन जरूरी छ ।

रेडियो नेपालका कार्यक्रमहरू शिक्षित समूदायका लागि मात्र नभई सर्व-साधारण आम जनताका लागि पनि हुनु पर्ने भएकोले क्लिष्ट भाषाका मात्र प्रयोग नगरी सवैले वुझ्ने सरल भाषा र सरल तरिकाले संचालन गर्नु अति आवश्यक भएको समिति महसुस गर्दछ ।

रेडियो नेपालको कार्यक्रमहरूमा रोचकता र विविधता ल्याउन नयाँ प्रतिभाका कलाकारहरूको खोजि गरी तिनीहरूलाई उपयुक्त अवसरहरू प्रदान गर्नु पर्छ । समाचारको महत्व र गहनतालाई समेत ध्यानमा राखि सिमित व्यक्तिहरू र सिमित स्थानहरूका समाचारहरू मात्र प्रशारण गर्ने हालको प्रचलनलाई वदलि देशका विभिन्न स्थानहरूको समाचारहरूलाई पनि उतिकै महत्व दिई प्रशारण हुनु पर्नेमा समिति जोड दिन्छ ।

दलविहिन प्रजातान्त्रिक पंचायत प्रणालीको सैद्धान्तिक र व्यवहारिक पक्षको व्याख्या गरि त्यसको व्यापक प्रचार प्रसार नियमित रूपले हुनु नितान्त जरूरी भएको कुरामा समिति जोड दिन्छ ।

मुलुकको बढ्दो उद्योग र व्यापार धन्धालाई ध्यानमा राख्दा रेडियो नेपालको विज्ञापन सेवालाई अझ बढी विस्तारित गरी आयश्रोत बढाउन सकिने र हालको पबिभिंग एण्टेनालाई मूभेवल एण्टेनाको रूपमा मिलाए दक्षिणपूर्व एशियाका विभिन्न भागहरूमा समेत प्रशारण पैलाई करोडौं रूपैयांको आमदानी बढाउन सकिने भएकोले त्यसलाई अविलम्ब कार्यवाही गर्न समिति जोड दिन्छ ।

रेडियो नेपालको नियमित प्रशारणको समय र विज्ञापन सेवा शुरु हुने समय बिचको खाली समयलाई व्यापारिक लाभको लागि प्रयोग गर्ने तर्फ पनि सोच्नु आवश्यक भएकोले यसको लागि पनि समिति सुझाव दिन्छ ।

साथै विज्ञापन सेवालाई टेण्डर गरी ठेक्कामा दिइएमा रेडियो नेपालको आयश्रोतमा निकै वृद्धि हुने महसुस भएकोले त्यसको सम्भाव्यता तिर पनि ध्यान दिन समिति सुझाव दिन्छ ।

रेडियो नेपालको सम्भारकालागि गत ७–८ वर्ष देखि जुन बजेट रकम दिइआएकोछ हाल सम्म पनि सो रकम उत्तिनै रही समयानुसार वृद्धी नगरिएबाट सम्भारको खर्च धान्न ज्यादै मुश्किल परेको भन्ने बुझिएकोले समयानुसार उक्त बजेट रकममा वृद्धि हुनु पर्ने कुरामा समिति सम्बन्धित निकायको ध्यान आकृष्ट गर्दछ ।

रेडियो नेपालको ट्रान्समिसनकालागि जडान भएको एउटा भल्भले करिब पांच हजार घण्टा अर्थात एकवर्ष जतिकाम दिने सो भल्ब एउटा मात्र किन्नु पर्दा पनि सवा लाख देखि डेढ लाख रुपैयां सम्मको रकम पर्ने भएकोले खर्च धान्न ज्यादै गाह्रो पर्ने भन्ने बुझिएकोले यस्तो विभिन्न खर्चहरू गर्न बजेट रकममा वृद्धि गर्नु पर्ने बारे समिति सम्बन्धित निकायको ध्यान आकृष्ठ गर्दछ ।

## पत्रकारिता

श्री ५ को सरकारको विभिन्न महत्वपूर्ण क्रियाकलापहरूको जानकारी जनसमक्ष सही रूपमा पुऱ्याउन अत्यन्त जरूरी छ । यस्ता प्रमुख घटनाहरूमा जनचासो बढि हुनु स्वाभाविकै हो । अत: प्रेश जगत संग श्री ५ को सरकारको प्रत्यक्ष सम्बन्ध रहनु वान्छनीय भएकोले मंत्रालयहरूमा मात्र पनि प्रमुख स्थानहरूमा एक एक प्रवक्ता राखिने व्यवस्था हुन पर्ने समिति सुझाव गर्दछ ।

विभिन्न घटनाहरु सभा-सम्मेलन आदिको तथ्य समाचारहरु पत्रकार जगत लाई उपलब्ध नगराई हतोत्साहीत पारिन्छ । फलस्वरुप तथ्य र सत्यलाई वङगार्दै हल्लै कल्लाले जन समक्ष विरोधाभास र उत्तेजनात्मक परिस्थितिको सिर्जना हुन जान्छ। अत: यस्तो परिस्थिती आउन नदिन समयमै प्रेश जगतलाई तथ्य समाचारहरु उपलब्ध गराउन समिति सम्वन्धित मंत्रालयले अन्य श्री ५ को सरकारका निकायहरुलाई निर्देशित गर्न सुझाव गर्दछ । पत्रकारिताको विकासको लागि एक अडिट व्यूरो अफ सर्कुलेसनको व्यवस्था गरि पत्रकारीतालाई ठगी प्रवृत्तिवाट वचाउन सकिने हुंदा समिति उक्त व्यूरो स्थापना गर्न सम्वन्धित निकायको अविलम्व ध्यान जाओस् भनि सुझाव गर्दछ ।

## राष्ट्रिय समाचार समिति

गत साल समितिको प्रतिवेदनमा उल्लेखित कुराहरुमा त्यति सन्तोषजनक उत्तर नपाएकोले समिति पुन: सोही कुराहरुमा जोड दिंदै जनसहभागितामा आधारित समाचारको प्रचार प्रसारमा विशेषध्यान देओस भनी राष्ट्रिय समाचार समितिको ध्यान आकृष्ट गर्दछ ।

स्थानिय समाचार प्रचार प्रसार गर्दा स्थानीय प्रमुख कार्यकर्ताहरुको नाम पनि प्रचार प्रसार गरी दिएको खण्डमा अरु वढी स्थानीय जनताको होसला बढ्न जाने भएकोले यस तर्फ रा.स.स.ले विशेषध्यान दिनु जरुरी छ ।

अंचल सम्वाददाताहरुले अंचलव्यापी समाचार संकलन गरी पठाउन लगाउने तर्फध्यान दिनु पनि जरुरी छ ।

दैवि प्रकोप, दैवी दुर्घटना भएको ठाउंहरुमा सम्वाददाताहरु तुरुन्त पठाएर त्यस्तो ठाउंहरुको तथ्य समाचारहरुको प्रचार प्रसार गर्नु पर्ने कुरामा समिति जोड दिन्छ ।

## हुलाक सेवा विभाग

समितिको गत सालको प्रतिवेदनमा उल्लेखित कुराहरुको प्राप्तिका लागि त्यस विभाग प्रयत्नशिल भैरहेकोमा समिति सन्तोष व्यक्त गर्दै प्रयासलाई निरन्तर जारी राख्न समिति पुन: सुझाव दिन्छ ।

## सूचना विभाग

जिल्ला पंचायतहरूमा प्रत्येक प्रकाशित पत्र-पत्रिकाहरू पठाउने व्यवस्था अनिवार्य रूपले गरिनु पर्दछ । र सम्भव भए जति त्यस्ता कृतिहरू प्रत्येक गाउँ पंचायतहरूमा समेत पठाउने व्यवस्था होस् भन्ने समिति सुझाव दिन्छ ।

प्रकाशनतर्फ सूचना विभागको बजेट कम भएकोले आवश्यक बजेटको समुचित व्यवस्था गर्नेतर्फ समिति ध्यान आकृष्ट गर्दछ ।

सूचना विभागले पंचायत तथा स्थानिय विकास मंत्रालयसंग सम्पर्क राखि प्रत्येक जिल्लाहरूमा निर्दलिय पंचायत व्यवस्थाको राम्रो बोधगराउने खालको वाचनालयहरू स्थापना गर्नेतर्फ के कस्तो उपाय गर्न सकिन्छ त्यस तर्फ पनि विचार पु-याउन जरूरी भएको छ ।

राजा, रानीका फोटोहरू तथा तस्विरहरू प्रत्येक गाउँ गाउँमा व्यापक रूपमा वितरण गरिनु पर्दछ । यसका लागि आवश्यक बजेटको पनि व्यवस्था होस् भनि समिति सिफारिस गर्दछ ।

## नेपाल दूर संचार संस्थान

श्री ५ को सरकारका विभिन्न मंत्रालय एवम् कार्यालयहरूले चुक्ता गर्नु पर्ने टेलिफोनको बिल रकम चुक्ता गराउने तर्फ कारवाही शुरू भएको भन्ने स्वागत योग्य छ । दूर संचार संस्थानलाई बढि व्यवसायी रूपमा संचालन हुने दिशा तर्फ कार्यक्रम संचालन गर्ने तर्फ शिघ्र कदम चाल्न समिति सुझाव गर्दछ । अधिराज्यका सिमा इलाकाहरूमा राष्ट्रिय सुरक्षालाई ध्यानमा राखी कांकडभिट्टा जस्ता विभिन्न महत्वपूर्ण स्थानहरूमा भि.एच.एफ.रेडियो टेलिफोन सेट जडान गर्न समिति ज जोडदार सिफारिस गर्दछ ।

## श्री ५ को सरकारको छापाखाना

श्री ५ को सरकारको विभिन्न मंत्रालय, विभाग एवं कार्यालयहरूको छपाई का कामहरू समयमा पूरा हुन नसकी काम कारवाहीमा निकै नै बाधा व्यवधान उत्पन्न गराई रहेको गुनासो विभिन्न क्षेत्रहरूमा सुनिन्छ । व्यवस्थापन उपकरण औजारहरू तथा दक्ष प्राविधिकहरूको कमिले गर्दा काममा व्यवधान आएको हो भने यसलाई हटाउने तर्फ आवश्यक कदम चाल्न समिति सुझाव दिन्छ ।

## रत्न रेकर्डिंग संस्थान

१. रत्न रेकर्डिङ० संस्थानबाट नेपाली संगित प्रेमिहरूको लागि बजारमा बिक्री वितरण गर्न रेकर्ड र क्यासेटहरू उत्पादन गर्नका लागि विदेशबाट आयात गर्नु पर्ने सामानहरूमा हाल लगाई आएको विलासी सामानहरू सरहको भंसार महसुल तथा बिक्री करमा यस संस्थानको हितका लागि अन्य संस्थान तथा उद्योगहरूले पाए सरहको छुटको व्यवस्था पाउनु वान्छनीय देखिन्छ ।

२. विदेशी संगितले क्रमश: हाम्रो राष्ट्रिय संगित कलामा आघात पार्दै गईरहेको कुराको कटु अनुभव यत्रतत्र हुनिन्छ । अत: राष्ट्रिय संगितको संवर्द्धनमा राष्ट्रिय स्तरमै यस प्रति विशेष चासो राख्नु वान्छनीय देखिन्छ । यस तर्फ रत्न रेकर्डिङ० संस्थानको भूमिका सह्रानिय छ । राष्ट्रिय चाड पर्वमा र मित्र राष्ट्रहरू तथा विदेश स्थित हाम्रा कुटनैतिक नियोगहरूमा समेत स्वदेशी संगितको प्रचार प्रसार गर्न परराष्ट्र मन्त्रालयले समेत त्यसता सामाग्रीहरू खरिद गरि प्रचार प्रसार गरिनु पर्दछ ।

३. संस्थानको भवन हालसम्म पनि पूरा हुन नसकेको ज्यादै दु:ख लाग्दो छ । अत: भवन निर्माणमा [illegible] भई रहेको कतिपय व्यवधानहरूको निराकरणको लागि सम्बन्धित निकायहरूलाई समन्वय गरि यथाशिघ्र निर्माण कार्य अघि बढाउन सम्बन्धीत मंत्रालय तल्लिनरहन समिति सुझाव दिन्छ ।

४. संस्थानले हाल सम्म पाई रहेको श्री ५ को सरकारको अनुदान विगत २०३६ साल देखि उंकि परिमाणमा रहेकोलेसम्वन्धीत निकायवाट अनुदान वृद्धि गर्ने तर्फ सहानुभूतिपूर्वक विचार हुन समिति सिफारिस गर्दछ ।

शाही नेपाल चलचित्र संस्थान

समितिको गत २०३६ सालको प्रतिवेदनमा उल्लेख भएका सुझावको सम्बन्धमा संचार मन्त्रालयवाट प्राप्त प्रत्युत्तरमा "राष्ट्रिय संचार सेवा योजनाले निर्धारित गरेको उद्देश्य अनुरुप संस्थानले निजी उद्यमीहरुलाई प्रोत्साहन दिनको लागि के कस्तो नीति अपनाए ठीक हुनेछ त्यस तर्फ विचार भई रहेको" कुरा उल्लेख गरेकोमा विचार मात्र होइन यथा शिघ्र संभव उपायहरु अपनाउन उपयुक्त प्रक्रीया यथाशिघ्र सुरुवात गर्न समिति जोड दिन्छ ।

स्वदेशी भाषा, संस्कृति र राष्ट्रिय भावनाको विकासमा चलचित्र उद्योग को पनि ठूलो हात हुने र साथै रोजगारी तथा अन्य व्यापारिक दृष्टिकोणले समेत पनि फायदा हुने कुरालाई ध्यानमा राखी चलचित्र उद्योगमा नीजि उद्यमी हरुलाई प्रोत्साहन गर्ने तर्फ संवन्धीत मन्त्रालयको ध्यान शिघ्र जाओस भन्ने समिति सुझाव दिन्छ ।

चलचित्र निर्माणको प्रशोधन प्रकृयामा स्वदेशमै प्रयोगशाला (ल्यावोरेटरी) कोको अभावले उक्त कार्यमा लाखौं रुपिया विदेश जानवाट वचाउन समयको वचत गर्न एक ल्यावोट्रीको व्यवस्था अविलम्व गर्न समिति जोडदार सुझाव गर्दछ । चलचित्र संस्थानको एक ल्यावोट्रीको व्यवस्था भएमा नीजि क्षेत्रमा साना ठूला फिल्महरु पनि स्वदेशमै धुलाई आदी भई सर्वसाधारणलाई समेत सुविधा हुने र साथै देशको धन विदेशीन पनि नपाउने भएकोले ल्यावोरेटरिको व्यवस्थामा विशेष ध्यान दिइनु जरुरी भएको छ ।

अधिराज्यको सिनेमाहलहरुको कुल वार्षिक आमदानीको एक प्रतिशत चलचित्र संस्थानलाई प्राप्त हुने भनी गजेट मै प्रकाशित भएको त्यत्रो समय पछिपनि हाल सम्म सो रकम संस्थानले प्राप्त गर्न नसकेकोमा समितिले दुःख प्रकट गर्दै त्यसलाई

कार्यान्वयन गर्ने गराउने तर्फ सम्वन्धीत निकायको अविलम्व ध्यान जानु जरुरी भएको कुरामा समिति जोड दिन्छ ।

चलचित्र संस्थानले वृत्तचित्रहरु वनाउंदा सामान्य जनइच्छा अनुरुप खाली हल्का फुल्का किसिमका चित्रहरुमात्र नवनाई नेपालको कला संस्कृति समेत भल्कीने वृत्तचित्रहरु तयार पार्नु पर्ने कुरामा समिति जोड दिन्छ ।

श्रम तथा सामाजिक कल्याण मन्त्रालय

यस मन्त्रालयको नाम सुहाउंदो काम गर्न यसको कार्यक्षेत्र अस्पष्ट हुन पर्दै महशुस गर्दै यस मन्त्रालयलाई सुसंगठित एवं क्यवस्थीत गर्न समिति पुन: जोड दिन्छ ।

यस मन्त्रालयको गठन हुनु भन्दा अगाडी सामाजिक कल्याण सम्वन्धी विभिन्न कार्यहरु विभिन्न मन्त्रालयहरुले गर्दै आएकोमा अव मन्त्रालय गठन भइसकेको ले यो संग सम्वन्धीत कार्यहरु र यसलाई सुहाउने कार्यहरु यसै मन्त्रालय मार्फत गर्ने क्यवस्था हुन समिति सुझाव गर्दछ । असहायहरुलाई हण्डी वितरण गर्ने कार्य हाल सम्म गुठी संस्थानले गरि आएकोमा यो कार्य समाजकल्याण सित सम्वन्धित भएकाले हण्डी वितरणको काम यस मन्त्रालय मार्फत भएमा वढी प्रभावकारी हुने भएको र गुठी संस्थानको कार्यबोझ पनि घट्न जाने भएकोले हण्डी वितरण कार्य श्रम तथा सामाजिक कल्याण मन्त्रालय मार्फत हुन समिति सुझाव दिन्छ ।

मन्त्रालयको कार्य क्षेत्र र कल्याणकारी सेवा कार्यहरुलाई ध्यानमा राख्दा हाल व्यवस्था गरिएको वजेट ज्यादै अपर्याप्त भएको समिति महशुस गर्दछ ।

विविध :-

यस समिति सित सिधै सम्वन्धीत हुने विषय नभै शाही औषधी लिमिटेड, वन मंत्रालय अन्तर्गत परीराखेकोमा यो विषय स्वास्थ्य संग वढी सम्वन्धीत भएकोले यसलाई स्वास्थ मन्त्रालय अन्तर्गत मै राखीनु न्यायोचित हुने भएको हुनाले यस तर्फ श्री ५ को सरकारवाट आवश्यक कार्यवाही चलाउन समिति जोड दिन्छ ।

सामाजिक समितिबाट प्रत्येक साल दिइने विभिन्न महत्वपूर्ण सुझावहरूका सम्बन्धमा तैरै जसो विषयहरूमा विभिन्न सम्बन्धित मन्त्रालयहरूबाट कार्यवाही भई रहेो छ सो चाई भई रहेको छ ध्यान दिइनेछ, उचित व्यवस्था हुने छ भन्ने अप्रष्ट जवाफ प्राप्त हुने भई राखेकोमा यस प्रकारका टाल्ने जवाफहरू नपठाई ठोसरूपमा जवाफहरू प्राप्त होस भन्नी समिति जोड दिन्छ । समितिले दिएका सल्लाह सुझावहरूका सम्बन्धमा के कस्तो र कसरी कार्यान्वयन भई रहेको त्यस्को ठोस एवं विस्तृत जवाफ आयन्दा राष्ट्रिय पंचायतको अधिवेशन लागु हुनु भन्दा पहिले समितिलाई प्राप्त भई सक्नु पर्ने कुरामा समिति जोड दिन्छ ।

6113

SHAGUN BOOK SHOP THAMEL K.

MARTIN CHAUTARI LIBRARY KTM, NEPAL